# कालिका गाउँपालिका
KALIKA RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
*Office Of The Rural Municipal Executive*
धैबुङ, रसुवा
*Dhaibung, Rasuwa*
बागमती प्रदेश, नेपाल
*Bagmati Province, Nepa*
फोन नं. : ०१०-५४२०९८
*Ph.No: 010-542098*


प.सं. (Ref No.): ०७६/०७७ (प्रशासन शाखा)
च.नं. (Dispatch No.):

मिति : २०७६।१२।०९

**कोरोना भाइरस (COVID – 19) सम्बन्धि सार्वजनिक हितका लागि जारी जनचेतनामुलक सन्देश ।**

उपरोक्त सम्बन्धमा अन्तराष्ट्रिय स्तरमा फैलिरहेको कोरोना भाइरस सम्बन्धमा यस गाउँपालिका अर्न्तगत वसोवास गर्ने समुदायका सम्पुर्ण महानुभावहरुमा सार्वजनिक हितका लागि तपशिल अनुसारको जनचेतनामुलक सन्देश जारी गरिएको हुँदा सोहि अनुसार सचेत रहनुहुन अनुरोध छ ।

**तपशिल :**

१. कोरोना भाइरसका लक्षण र चिन्हररु जस्तै : १००.४ डिग्री फरेन हाईट भन्दा वढी ज्वरो आउने, श्वासप्रश्वासमा समस्या हुने, रुघा खोकी लाग्ने , वान्ता हुने, पखला लाग्ने र टाउको दुख्ने भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सर्म्पक गर्ने ।

२. हाल सालै कोरोना प्रभावित देशहरुको भ्रमण गरी नेपाल आउनु भएको छ भने र कोरोना सम्बन्धि लक्षण चिन्हहरु देखा परेको भएमा नेपाल सरकारबाट तोकिएको अस्पतालमा कोरोना सम्बन्धि टेस्ट गराउने ।

३. नियमित रुपमा साबुन पानीले हातधुने , सेनीटाइजरको प्रयोग गर्ने , मास्क लगाउने, खोक्दा हाछ्युँ गर्दा नाक र मुख छोप्ने , फ्लु जस्तो लक्षण चिन्हहरु देखिने व्यक्तिको सम्पर्क बाट टाढा रहने ।

४. जंगली तथा घरपालुवा पशुपंक्षीसँगको असुरक्षित सम्पर्क बाट टाढा रहने, पशुजन्य मासु तथा अण्डा र अन्य खानेकुरा राम्रोसँग पकाएर मात्र खाने ।

५. सभा समारोह नगर्ने र भीडभाडमा नजाने, हात नमिलाउने र सम्मान गर्नेपर्ने भएमा नमस्कार गर्ने ।

६. अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कने, पानी उमालेर मात्र पिउँने, हरियो सागसब्जीका साथै फ्रोलयुक्त खानेकुरा प्रशस्त मात्रामा खाने ।

७. चरा, मुसा , विरालो ,चमेरो र कुकुर जस्ता जन्तुहरुको सर्म्पक बाट टाढा रहने ।

८. सकभर होटेल तथा रेष्टुरेन्टमा खाना नखाने ।

९. कोरोना सम्बन्धि लक्षण चिन्हहरु देखिएमा तोकिएको नम्वरमा९८५११८६५७०,९८४१९०३२४४ तुरुन्त सर्म्पक गर्नूहोला ।

Sunuwar २०७६।१२।०९.
..............................
वाचस्पती सुनुवार
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत